निर्णयहरु

१. "विपद् जोखिम तथा अन्य दुर्घटनामा परेका व्यक्तिहरुको हवाई उद्धार गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको कार्यविधि, २०७६" लाई स्वीकृति प्रदान गर्ने सम्बन्धमा" विषयको आन्तरिक मामिला तथा कानून मन्त्रालयको नं.२/२२/१५४-२०७६/२/६ को प्रस्तावमा देहाय बमोजिम परिमार्जन गरी अन्य कुरा प्रस्तावमा लेखिए बमोजिम गर्नेः-

"१. दफा ४ को उपदफा (३) को सट्टामा देहायको उपदफा (३) राख्नेः-

"(३) विपद् जोखिम वा दुर्घटनामा परेका व्यक्तिहरुलाई सडक यातायातबाट उद्धार हुन सक्ने वा स्थानीय स्वास्थ्य संस्थामा उपचार हुन सम्भव भएको अवस्थामा हवाई उद्धार सेवा उपलव्ध गराइने छैन ।"

२. दफा ४ को उपदफा (३) पछि देहायको उपदफा (४) राख्नेः-

"(४) उपदफा (३) मा रहेको व्यवस्थाको प्रतिकूल हुने गरी सिफारिश गर्ने सिफारिश समितिका संयोजक तथा सदस्यहरुबाट त्यसरी सेवा उपलव्ध गराउदा लागेको खर्च रकम सरकारी बाँकी सरह प्रचलित कानूनबमोजिम असुल उपर गरिनेछ ।""

२. "केही प्रदेश ऐन संशोधन गर्न बनेको विधेयकको सिद्धान्त र मस्यौदा स्वीकृति सम्बन्धमा" विषयको आन्तरिक मामिला तथा कानून मन्त्रालयको नं. २/२३/१५५-२०७६/२/१५ को प्रस्तावमा देहाय बमोजिम गर्नेः-

"प्रस्तावलाई सम्बन्धित मन्त्रालयमा फिर्ता पठाउने ।"

३. "सुदूरपश्चिम प्रदेश आयोजना छनौट सम्बन्धी मापदण्ड, २०७६ स्वीकृत गर्ने सम्बन्धमा" विषयको आर्थिक मामिला तथा योजना मन्त्रालयको नं. ३/३०/१५३ -२०७६/२/६ को प्रस्तावमा देहाय बमोजिम गर्नेः-

"प्रस्तावमा लेखिएबमोजिम गर्ने ।"

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सुदूरपश्चिम प्रदेश